## ७२ औं विश्व स्वास्थ्य सम्मेलनमा सम्बोधन गर्नुहुँदै उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री

नेपाल सरकार जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले जेनेभामा भइरहेको "स्वास्थ्यमा सर्वव्यापी पहुँच ,सेवाबाट कोही पनि वञ्चित नहुने " भन्ने मूल नारा रहेको ७२ औं स्वास्थ्य सम्मेलनलाई मंगलबार संबोधन गर्नुभएको छ ।

सोमबारदेखि जेनेभामा शुरु भएको विश्व स्वास्थ्य सम्मेलनमा विश्वका १९४ राष्ट्रका उच्च पदाधिकारी ,नीति निर्माता एवं स्वास्थ्यकर्मीको सहभागितता रहेको छ ।

सो सम्मेलनलाई संवोधन गर्दै उपधानमन्त्री यादवले नेपाले खस्रे रोग निवारणमा उपलब्धी हासिल गरेको साथै विश्व स्वास्थ्य संघले तोकेको समयावधि भन्दा दुई वर्ष अगावै रुवेला रोग नियन्त्रणमा ल्याइएको जानकारी दिनुभयो ।

नेपालले स्वास्थ्य क्षेत्रमा दिगो विकासको लक्ष्य हासिल गर्न स्वास्थ्मा सर्वव्यापी पहुँचको सुनिश्चितता गर्न महत्वपूर्ण कदम चालेको पनि उपप्रधानमन्त्री यादवले बैठकमा उल्लेख गर्नुभयो ।

उहाँले नेपालको सन्दर्भमा स्वास्थ्य सँग सम्बन्धित लक्ष्य हासिल गर्न गरेका कार्यहरुले कसैलाई पनि सेवाबाट वञ्चित हुन दिंदैन भन्नुभयो । उहाँले स्वास्थयको एजेन्डालाई मुलधारमा ल्याई प्राथमिक स्वास्थ्य सेवाको सुदृढीकरण,औषधीको मूल्यमा नियन्त्रण, नसर्ने रोगहरुको भार कम गर्ने जस्ता कार्यहरु गरी गुणस्तरीय स्वास्थय सेवामा समतामूलक पहुँच बढाउने कुरामा जोड दिनुभयो ।

यसैगरी एक कार्यक्रममा चीनका राष्ट्रिय स्वास्थ्य आयोगका माननीय मन्त्री म. छिवई (Mr. Ma Xiaowei) सँग मा.उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री स्वास्थ्यको क्षेत्रमा द्वीपक्षीय पारस्परिक हित र सहयोगलाई सुदृढीकरण गर्ने बारे छलफल भयो ।

उक्त सम्मेलनमा भएको एक अर्को सत्रमा नेपाल सहित आठ राष्ट्रहरुले आयोजना गरेको कार्यक्रममा स्वास्थ्यमा सर्वव्यापी पहुँच बढाउन महिला,बालबालिका तथा किशोर किशोरीको स्वास्थ सम्बन्धि विश्वव्यापी रणनीतिको विषयमा छलफल भएको थियो ।

त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. पुष्पा चौधरीले स्वस्थ जीवनको लागि विश्व व्यापी कार्ययोजनाको बारेमा धारणा राख्नुभएको थियो । उहाँले दिगो विकासको लक्ष्य प्राप्त गर्नको लागि नेपालले प्राथमिक्तामा राखेका कार्यक्रमहरु र आगामी दिनमा आउने चुनौतीका बारेमा पनि आफ्नो भनाई राख्नुभयो । साथै स्वास्थको निम्ति पोषणको अपरिहार्यताको बारेमा पनि उहाँले आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

मिति २०७६।२।६ देखि २०७६।२।१४ ( May 20 - May 28 , 2019) हुने सम्मेलनमा नेपालको तर्फबाट उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीको नेतृत्वमा स्वास्थ्य सचीव डा. पुष्पा चौधरी लगायत ७ जनाको सहभागीता रहेको छ ।

०७६।२।८